जि.प्रशा.का, बारा दर्ता नं. :- ८७/२०७८/०७९
जिल्ला हुलाक, बारा दर्ता नं. :- १७/२०७८/०७९
"समाचारले टुटछ ठूला-ठूलाको दंभ, त्यसकारण बजारमा आएको छ शुभआरम्भ"

# शुभ आरम्भ
Shubharambh National Daily राष्ट्रिय दैनिक

वर्ष ५ | अंक २६६ | २०८३ साल बैशाख २९ गते मंगलवार | Tuesday-12-May-2026 | पृष्ठ संख्या-४ | मूल्य रु.५/-

## कलैयामा अखाद्य खाद्यवस्तु बेच्ने दुई मिठाई पसललाई ७० हजार जरिवाना, म्याद गुज्रिएका सामग्री नष्ट

*शु.आ. संवाददाता*
*बारा, २८ वैशाख*

बाराको कलैयामा उपभोक्ताको स्वास्थ्यसँग प्रत्यक्ष सरोकार राख्ने खाद्य व्यवसायमा लापरवाही गर्ने व्यवसायीमाथि संयुक्त बजार अनुगमन टोलीले कडा कारबाही अघि बढाएको छ। छड्के बजार अनुगमनका क्रममा गुणस्तरहीन तथा म्याद गुज्रिएका खाद्य सामग्री बिक्री गरेको आरोपमा दुई मिठाई पसललाई नगद जरिवाना गरिएको छ भने ठूलो परिमाणमा अखाद्य सामग्री स्थलमै नष्ट गरिएको छ ।

संयुक्त बजार अनुगमन समितिको टोलीले आइतबार कलैया उपमहानगरपालिकाका विभिन्न क्षेत्रमा सञ्चालनमा रहेका सात वटा पसल तथा होटलमा आकस्मिक अनुगमन गर्दा उपभोक्ताको स्वास्थ्यमा गम्भीर असर पार्न सक्ने अवस्थाका खाद्य सामग्री बिक्री भइरहेको भेटिएको हो। अनुगमनका क्रममा कतिपय व्यवसायीले कानुनअनुसार अनिवार्य राख्नुपर्ने मूल्य सूचीसमेत नराखेको, म्याद गुज्रिएका खाद्यवस्तु बिक्रीका लागि राखेको तथा सरसफाइ मापदण्डसमेत पालना नगरेको पाइएको टोलीले जनाएको छ।

अनुगमन टोलीका अनुसार कलैया उपमहानगरपालिका-६ बरियारपुर रोडस्थित माँ अन्नपूर्ण स्विट्स एन्ड बेकरी मा गुणस्तरहीन मोमो, हाइड्रो तथा बिरयानी बनाउने सामग्री फेला परेको थियो। पसलभित्र खाद्य सामग्री भण्डारणको अवस्था समेत अत्यन्त अस्वस्थकर रहेको तथा उपभोक्तालाई जानकारी दिने मूल्य सूची नराखिएको पाइएपछि उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३९ (घ) अनुसार ५० हजार रुपैयाँ जरिवाना गरिएको जनाइएको छ।



त्यसैगरी, कलैया-५ स्थित केसर स्विट्स मा म्याद गुज्रिएको आइसक्रिम तथा मोमो बिक्रीका लागि राखिएको भेटिएपछि २० हजार रुपैयाँ जरिवाना गरिएको छ । अनुगमन टोलीले सडेगलेका तथा म्याद नाघेका खाद्य सामग्री उपभोक्तालाई बिक्री गर्न खोजिएको भन्दै यस्तो कार्यले जनस्वास्थ्यमा गम्भीर असर पार्ने उल्लेख गरेको छ।

यस्तै, कलैया-४ बरियारपुर रोडस्थित रोशन बाबु जेनेरल स्टोर मा म्याद नाघेको खाने तेल फेला परेको थियो। उक्त तेल टोलीले पसल अगाडिनै नष्ट गरेको जनाएको छ। अनुगमन टोलीले म्याद गुज्रिएका खाद्य सामग्री बिक्री नगर्न तथा समयमै नष्ट गर्न व्यवसायीलाई सचेतसमेत गराएको छ । अनुगमनका क्रममा कलैया-४ मा सञ्चालनमा रहेको एक मासु पसल तथा अदालत रोडस्थित सत्या होटल लाई आवश्यक कागजातसहित तीन दिनभित्र जिल्ला प्रशासन कार्यालय बारामा उपस्थित हुन निर्देशन दिइएको छ । त्यस्तै दुर्गा खाजा घर मा नापतौलसम्बन्धी अनुमति पत्र नभेटिएपछि तीन दिनभित्र वीरगञ्जस्थित नापतौल कार्यालयमा सम्पर्क गर्न भनिएको छ । नवल सेकुवा मा मूल्य सूची नराखिएको पाइएपछि चेतावनी दिइएको टोलीले जनाएको छ।

अनुगमन टोलीमा घरेलु तथा साना उद्योग कार्यालय बारा, जिल्ला प्रशासन कार्यालय बारा, वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय वीरगञ्ज, खाद्य प्रविधि तथा गुणस्तर कार्यालय, उपभोक्ता अधिकारकर्मी, नेपाल प्रहरी तथा सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो।

अनुगमन टोलीले उपभोक्ताको स्वास्थ्यमा खेलबाड गर्ने, म्याद गुज्रिएका तथा गुणस्तरहीन खाद्यवस्तु बिक्री गर्ने व्यवसायीलाई आगामी दिनमा अझ कडा कानुनी कारबाही गरिने चेतावनी दिएको छ । साथै बजारमा सुरक्षित, स्वच्छ र गुणस्तरीय खाद्य सामग्री उपलब्ध गराउन नियमित अनुगमनलाई निरन्तरता दिइने जनाएको छ।

## पाँच महिनादेखि तलब नपाएपछि प्रादेशिक अस्पताल कलैयाका स्वास्थ्यकर्मी आक्रोशित

*शु.आ. संवाददाता*
*बारा, २८ वैशाख*




प्रादेशिक अस्पताल कलैयामा छात्रवृत्ति करार अन्तर्गत कार्यरत स्वास्थ्यकर्मीहरूले पाँच महिनादेखि तलब नपाएको भन्दै आक्रोश व्यक्त गरेका छन्। लामो समयदेखि निरन्तर स्वास्थ्य सेवा प्रदान गर्दै आए पनि पारिश्रमिक नपाउँदा दैनिक जीवनयापन नै कठिन बनेको उनीहरूको गुनासो छ।

स्वास्थ्यकर्मीहरूले पटक-पटक सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि कुनै सुनुवाइ नभएको आरोप लगाएका छन् । उनीहरूका अनुसार नियमित रूपमा अस्पतालमा खटिएर बिरामीको सेवा गरिरहे पनि तलब भुक्तानी नहुँदा आर्थिक संकट झेल्न बाध्य भएका छन्।

तलब नपाउँदा घरभाडा, खाद्यान्न, बालबालिकाको अध्ययन तथा अन्य दैनिक खर्च व्यवस्थापन गर्न समस्या भएको स्वास्थ्यकर्मीहरूको भनाइ छ। कतिपय स्वास्थ्यकर्मीले ऋण लिएर जीवनयापन गर्नुपरेको अवस्थासमेत रहेको बताएका छन् । आक्रोशित स्वास्थ्यकर्मीहरूले अब पनि तलब तत्काल खातामा जम्मा नगरिए अस्पतालमा प्रदान गरिने सम्पूर्ण स्वास्थ्य सेवा बन्द गर्न बाध्य हुने चेतावनी दिएका छन् । उनीहरूले सरकार तथा सम्बन्धित निकायलाई समस्या समाधानमा गम्भीर बन्न आग्रह गरेका छन् । स्वास्थ्यकर्मीहरूको आन्दोलनका कारण अस्पतालको नियमित सेवा प्रभावित हुन सक्ने देखिएको छ। यदि सेवा अवरुद्ध भए बिरामी तथा सेवाग्राहीहरू प्रत्यक्ष रूपमा प्रभावित हुने भन्दै स्थानीयस्तरमा चिन्ता व्यक्त हुन थालेको छ । स्वास्थ्यकर्मीहरूले आफूहरूको मागप्रति बेवास्ता नगरी तत्काल बक्यौता तलब उपलब्ध गराउन तथा भविष्यमा यस्तो समस्या दोहोरिन नदिन स्थायी समाधान गर्न सम्बन्धित निकायसँग माग गरेका छन्

## बर्षौंदेखि सडकमा जलमग्न मौलापुर नगरपालिकाको नमुना विकास

*शु. आ. सम्बाददाता*
*रौतहट, २८ बैशाख*

रौतहटको मौलापुर नगरपालिका-७ सगैया टोल स्थित सडक वर्षौंदेखि पानी जमेर जलमग्न अवस्थामा रहँदै आएको छ । सामान्य वर्षा हुँदा समेत सडक हिलाम्मे, दुर्गन्धित तथा जोखिमपूर्ण बन्ने गरेको भन्दै स्थानीयवासीले गुनासो गरेका छन् । सडकमा पानी जमेर सानो पोखरीजस्तै अवस्था बनेपछि पैदलयात्रु, विद्यार्थी, वृद्धवृद्धा तथा सवारीसाधन सञ्चालनमा दैनिक रूपमा निकै समस्या भइरहेको छ।



स्थानीयका अनुसार वर्षौंदेखि सडक र पानी निकासको समस्या जस्ताको तस्तै रहेकाले सर्वसाधारणले सास्ती भोग्न बाध्य भएका छन् । सडकमा जमेको फोहोर पानीका कारण वातावरण प्रदूषित हुनुका साथै विभिन्न सरुवा रोग फैलिने जोखिम समेत बढ्दै गएको उनीहरूको भनाइ छ। विद्यालय जाने बालबालिका हिलो र फोहोर पानी पार गर्दै हिँड्न बाध्य छन् भने मोटरसाइकल तथा सवारीसाधन समेत पटक-पटक दुर्घटनामा पर्ने गरेका छन् ।

तर यति ठूलो समस्या हुँदाहुँदै पनि यहाँका जनप्रतिनिधिको ध्यान अझै पुग्न नसकेको स्थानीयहरूको आरोप छ । चुनावको समयमा मात्रै जनताको दुःख, समस्या र विकासका कुरा गर्ने तर चुनावपछि बेवास्ता गर्ने प्रवृत्ति बढ्दै गएको भन्दै स्थानीयवासी आक्रोशित बनेका छन् । जनताले पटक-पटक सडक मर्मत, ढल तथा पानी निकासको उचित व्यवस्था गर्न माग गरेपनि हालसम्म कुनै ठोस पहल नभएको गुनासो गरेका छन्। विकासको नाममा केवल आश्वासन बाँड्ने होइन, जनताको दैनिक जीवनसँग जोडिएका आधारभूत समस्या समाधानतर्फ सम्बन्धित निकायले तत्काल ध्यान दिनुपर्ने आवश्यकता देखिएको छ।

## पाठ्यपुस्तक र पोशाक खरिदमा एकाधिकार गर्ने विद्यालयमाथि कारबाही हुने

*दिपक चौरसिया*
*वीरगंज, २८ वैशाख*

पर्सा जिल्लाका केही निजी विद्यालयहरूले विद्यार्थी तथा अभिभावकलाई निश्चित पसलबाट मात्रै पाठ्यपुस्तक र विद्यालय पोशाक खरिद गर्न बाध्य बनाएको गुनासो बढेपछि जिल्ला प्रशासन कार्यालय पर्साले कडा चेतावनी दिएको छ । प्रशासनले विद्यालय र व्यवसायीबीचको मिलेमतोमा अभिभावकमाथि आर्थिक भार थप्ने तथा उपभोक्ता अधिकार हनन गर्ने कार्य तत्काल रोक्न निर्देशन दिएको हो। जिल्ला प्रशासन कार्यालय पर्साले शुक्रबार सार्वजनिक सूचना जारी गर्दै प्रचलित कानुनविपरीत केही विद्यालयहरूले निश्चित पुस्तक तथा पोशाक पसल तोकी त्यहीँबाट मात्रै सामग्री खरिद गर्न दबाब दिएकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ। प्रशासनका अनुसार यस्तो कार्यले बजारमा अस्वस्थ प्रतिस्पर्धा, सिन्डिकेट तथा उपभोक्तामाथि आर्थिक शोषण बढाएको छ । सूचनामा विद्यालय प्रशासन र व्यवसायीबीचको मिलेमतोमा अभिभावकलाई विकल्पविहीन बनाउने, बजारमा उपलब्ध छुट तथा सहुलियतबाट वञ्चित गर्ने र अनावश्यक आर्थिक




लाभ लिने प्रयास भइरहेको उल्लेख गरिएको छ । कतिपय अभिभावकले महँगो मूल्यमा किताब र पोशाक खरिद गर्न बाध्य बनाइएको गुनासोसहित प्रशासनमा जानकारी गराएको जनाइएको छ।

जिल्ला प्रशासन कार्यालयले यस्तो सिन्डिकेट, एकाधिकार तथा आर्थिक शोषणजन्य गतिविधि तत्काल बन्द गर्न सम्बन्धित विद्यालय तथा पसललाई निर्देशन दिएको छ । प्रशासनले चेतावनी दिँदै आगामी दिनमा यस्ता गतिविधि दोहोरिए प्रचलित ऐन तथा कानुनअनुसार विद्यालय र सम्बन्धित व्यवसायी दुवैमाथि कडा कानुनी कारबाही गरिने स्पष्ट पारेको छ। त्यस्तै, विद्यालय वा पसलले निश्चित स्थानबाट मात्रै सामान खरिद गर्न बाध्य पारेको प्रमाण, बिल वा अन्य कागजात भए जिल्ला प्रशासन कार्यालयमा उजुरी दिन अभिभावक तथा सरोकारवालासँग आग्रह गरिएको छ। प्रशासनले प्राप्त उजुरीका आधारमा अनुगमन तथा कारबाही प्रक्रिया अघि बढाइने जनाएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण थापा द्वारा हस्ताक्षरित सूचनामा उपभोक्ताको अधिकार संरक्षण, शिक्षा क्षेत्रमा देखिएका विकृति नियन्त्रण तथा अभिभावकमाथि हुने आर्थिक भार न्यूनीकरण गर्न प्रशासन प्रतिबद्ध रहेको उल्लेख गरिएको छ।

**ब्यक्तिगत घटना जस्तै जन्मदर्ता, विवाहदर्ता, मृत्यु दर्ता तथा सम्बन्ध बिच्छेद समयमै सम्बन्धित कार्यालयमा गई दर्ता गराऔं ।**

**तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - देवताल गाउँपालिका**

**शुभ आरम्भ राष्ट्रिय दैनिकका लागी**

| | |
|---|---|
| प्रकाशक | : अनिल पाण्डेय |
| प्रधान सम्पादक | : दिपेन्द्र कुमार उपाध्याय |
| सम्पादक | : श्याम विहारी साह केशरी |
| कार्यकारी सम्पादक | : उमेश दुवे |
| समाचार सम्पादक | : आ.के. ठाकुर |
| कानुनी सल्लाहकार | : प्रभातचन्द्र दाहाल |
| कम्प्यूटर अपरेटर | : कृष्णा गुप्ता |
| सम्पर्क नम्बर | : ९८४५२२६३०५ |
| सम्पर्क कार्यालय | : कलैया-१४, बघवन (बारा) |
| मुद्रक | : बारा प्रिन्टिङ्ग प्रेस, कलैया (बारा) |

shubharambhdaily@gmail.com


## सम्पादकीय..........

### एम्बुलेन्स सेवाः जीवनरक्षक साधन कि प्रशासनिक आदेशको बन्दी ?

फेटा गाउँपालिकामा देखिएको एम्बुलेन्स सेवा सम्बन्धी विवादले स्थानीय तहमा आपतकालीन स्वास्थ्य सेवाको अवस्था कति कमजोर छ भन्ने गम्भीर प्रश्न उठाएको छ । क्यान्सरपीडित एक बिरामीलाई समयमै एम्बुलेन्स नपुगेपछि निजी साधन प्रयोग गर्न बाध्य हुनुपरेको घटना केवल एक परिवारको पीडा मात्र होइन, सम्पूर्ण सार्वजनिक सेवा प्रणालीमाथिको प्रश्न पनि हो ।

एम्बुलेन्स जस्तो जीवनरक्षक सेवा "आदेश बिना जान मिल्दैन" भन्ने जस्तो प्रशासनिक बाध्यतामा बाँधिनु आफैंमा चिन्ताजनक विषय हो । आपतकालीन अवस्थामा सेवा प्रवाह ढिलाइ हुनु कुनै पनि हालतमा स्वीकार्य हुन सक्दैन । बिरामीको जीवन र मृत्युबीचको निर्णायक क्षणमा प्रक्रिया र आदेशलाई प्राथमिकता दिनु मानवीय दृष्टिले समेत गम्भीर त्रुटि हो ।

जनताको करबाट सञ्चालन हुने स्वास्थ्य सेवा प्रणाली पारदर्शी, छरितो र उत्तरदायी हुनुपर्ने हो । तर व्यवहारमा देखिएको ढिलासुस्ती र अस्पष्ट कार्यविधिले स्थानीय सरकारप्रति नै अविश्वास बढाउने संकेत देखिन्छ । एम्बुलेन्स सेवा कुनै व्यक्तिगत अनुमति वा पहुँचको विषय होइन, यो त संवैधानिक अधिकारसँग जोडिएको आधारभूत सेवा हो ।

घटनापछि उत्पन्न भएको जनआक्रोश स्वाभाविक देखिन्छ । स्थानीय तहले यस्ता सेवाहरुलाई स्पष्ट कार्यविधि, २४ घण्टा उपलब्धता र जिम्मेवार संयन्त्रमार्फत सञ्चालन गर्न नसके त्यसको मूल्य नागरिकले जीवनको जोखिममा तिर्नुपर्ने हुन्छ ।

अन्ततः फेटाको घटना एउटा चेतावनी हो– आपतकालीन स्वास्थ्य सेवा कागजी आदेशमा होइन, मानवीय संवेदनशीलता र तत्काल निर्णय क्षमतामा आधारित हुनुपर्छ । स्थानीय सरकारहरुले अब यस्ता सेवाको संरचना पुनरावलोकन गरी नागरिकलाई सुरक्षित महसुस गराउने प्रणाली निर्माण गर्न ढिला गर्नु हुँदैन ।

# शक्ति पृथकीकरण : लोकतन्त्रको प्राण



मन्दिरा अधिकारी

शक्ति सन्तुलनले नै राज्यलाई जनमुखी र जवाफदेही बनाउँछ । नेपाली जनताले खोजेको विधिको शासनको मर्म पनि यही हो ।

लोकतन्त्रमा राज्य शक्ति पृथकीकरणको सिद्धान्तबाट चल्नुपर्छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच सन्तुलन हुनुपर्छ । यस्तो सन्तुलनले नै राज्यलाई सहज गति दिने गर्छ । यस्तै सन्तुलित अभ्यासले कुनै पनि अंगको निरंकुशतालाई रोक्छ । राज्य शक्ति कहिल्यै एकै ठाउँमा केन्द्रित हुनु हुँदैन । त्यसैले संविधान र कानुनले निश्चित सीमाहरू तोकेका हुन्छन् । कानुनका प्रावधानबीच कुनै पनि विरोधाभास हुनुहुँदैन ।

नेपालको संविधानले अधिकार र सीमाहरू स्पष्ट पारेको छ । विगतका शासकको स्वेच्छाचारिताले यस्तो संवैधानिक व्यवस्था ल्याइयो । विधिको शासनमा कसैले पनि आफ्नो सीमा नाघ्नु हुँदैन । कहिलेकाहीँ शक्ति केन्द्रित गर्ने वा अनुकूल चल्ने प्रयास हुन्छ । यस्तो बेला अदालतले संवैधानिक प्रावधानलाई थप प्रस्ट पार्छ । अदालती व्याख्याले नै राज्य सञ्चालनलाई सही मार्ग देखाउँछ । व्यवस्थापिका अर्थात् संसद्ले कानुन बनाउने महत्वपूर्ण जिम्मेवारी पाउँछ । सरकार अर्थात् कार्यपालिकाले ती कानुनको प्रभावकारी कार्यान्वयन गर्छ । कानुनको उल्लंघन भएमा व्याख्या गर्ने दायित्व न्यायपालिकाको हुन्छ । यी अंगबीच एकअर्कामाथि अतिक्रमण नहुने सुनिश्चितता आवश्यक छ । यसलाई नै शासकीय भाषामा शक्ति पृथकीकरणको सिद्धान्त भनिन्छ । लोकतान्त्रिक पद्धतिमा यो नै शासनको बलियो मेरुदण्ड हो ।

प्रत्येक अंगले एकअर्कालाई सधैं परीक्षण र निगरानी गर्छन् । संसद्ले सरकारका हरेक निर्णय र क्रियाकलापमा प्रश्न उठाउँछ । संसदीय समितिले सरकारलाई बोलाएर आवश्यक निर्देशन दिन सक्छ । विधेयकमाथि दफावार छलफल गरी कानुन निर्माण गर्नु धर्म हो । संसद्ले बनाएको कानुन संविधानसँग बाझियो भने अदालतले रोक्न सक्छ । सर्वोच्च अदालतले असंवैधानिक कानुनलाई तत्कालै बदर गर्न सक्छ । यसले जनताको अधिकार र लोकतन्त्रलाई सधैं सुरक्षित राख्छ । राज्यका सबै अंग आफ्नै परिधिभित्र बस्नु नै सच्चा लोकतन्त्र हो । संविधानको अक्षर र भावनाको सम्मान गर्नु सबैको कर्तव्य हो । यसरी मात्र एउटा सुन्दर र समृद्ध समाज निर्माण हुन्छ । शक्ति सन्तुलनले नै राज्यलाई जनमुखी र जवाफदेही बनाउँछ । नेपाली जनताले खोजेको विधिको शासनको मर्म पनि यही हो । आपसी समन्वय र नियन्त्रणले नै सुशासनको ढोका खोल्ने गर्छ । अन्ततः शक्ति पृथकीकरणले नै नागरिकलाई पूर्ण न्याय सुनिश्चित गर्छ ।

लोकतन्त्रको सुन्दरता नै यी अंगहरूको स्वतन्त्रता र समन्वयमा छ । हामीले यस प्रणालीलाई सधैं जोगाएर अगाडि बढ्नुपर्ने हुन्छ । यही नै समृद्ध नेपालको सही र दिगो मार्गचित्र हो । राज्यको शक्ति र अधिकार जनताको सेवामा मात्र खर्चिनुपर्छ । यसका लागि संविधानले सधैं मार्गनिर्देशन गरिरहेको हुन्छ । सबैको सहकार्यले मुलुकको भविष्य सुन्दर र उज्ज्वल बन्नेछ । यो नै हाम्रो साझा संकल्प र एउटा अत्यन्तै महान् लक्ष्य हो ।

लोकतन्त्रमा राज्य शक्ति पृथकीकरणको सिद्धान्तबाट चल्नुपर्छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच सन्तुलन हुनुपर्छ । यस्तो सन्तुलनले नै राज्यलाई सहज गति दिने गर्छ । सन्तुलित अभ्यासले कुनै पनि अंगको निरंकुशतालाई रोक्छ । राज्य शक्ति कहिल्यै एकै ठाउँमा केन्द्रित हुनु हुँदैन । त्यसैले संविधान र कानुनले निश्चित सीमाहरू तोकेका हुन्छन् । कानुनका प्रावधानबीच कुनै पनि विरोधाभास हुनुहुँदैन ।

नेपालको संविधानले अधिकार र सीमाहरू स्पष्ट पारेको छ । विगतका शासकको स्वेच्छाचारिताले यस्तो संवैधानिक व्यवस्था ल्याइयो । विधिको शासनमा कसैले पनि आफ्नो सीमा नाघ्नु हुँदैन । कहिलेकाहीँ शक्ति केन्द्रित गर्ने वा अनुकूल चल्ने प्रयास हुन्छ । यस्तो बेला अदालतले संवैधानिक प्रावधानलाई थप प्रस्ट पार्छ । अदालती व्याख्याले नै राज्य सञ्चालनलाई सही मार्ग देखाउँछ । व्यवस्थापिका अर्थात् संसद्ले कानुन बनाउने महत्वपूर्ण जिम्मेवारी पाउँछ । सरकार अर्थात् कार्यपालिकाले ती कानुनको प्रभावकारी कार्यान्वयन गर्छ । कानुनको उल्लंघन भएमा व्याख्या गर्ने दायित्व न्यायपालिकाको हुन्छ । यी अंगबीच एकअर्कामाथि अतिक्रमण नहुने सुनिश्चितता आवश्यक छ । यसलाई नै शासकीय भाषामा शक्ति पृथकीकरणको सिद्धान्त भनिन्छ । लोकतान्त्रिक पद्धतिमा यो नै शासनको बलियो मेरुदण्ड हो ।

प्रत्येक अंगले एकअर्कालाई सधैं परीक्षण र निगरानी गर्छन् । संसद्ले सरकारका हरेक निर्णय र क्रियाकलापमा प्रश्न उठाउँछ । संसदीय समितिले सरकारलाई बोलाएर आवश्यक निर्देशन दिन सक्छ । विधेयकमाथि दफावार छलफल गरी कानुन निर्माण गर्नु धर्म हो । संसद्ले बनाएको कानुन संविधानसँग बाझिएमा अदालतले रोक्न सक्छ । सर्वोच्च अदालतले असंवैधानिक कानुनलाई तत्कालै बदर गर्न सक्छ । यसले जनताको अधिकार र लोकतन्त्रलाई सधैं सुरक्षित राख्छ । राज्यका सबै अंग आफ्नै परिधिभित्र बस्नु नै लोकतन्त्र हो । संविधानको अक्षर र भावनाको सम्मान गर्नु सबैको कर्तव्य हो । यसरी मात्र एउटा सुन्दर र समृद्ध समाज निर्माण हुन्छ । शक्ति सन्तुलनले नै राज्यलाई जनमुखी र जवाफदेही बनाउँछ । नेपाली जनताले खोजेको विधिको शासनको मर्म पनि यही हो । आपसी समन्वय र नियन्त्रणले नै सुशासनको ढोका खोल्ने गर्छ । अन्ततः शक्ति पृथकीकरणले नै नागरिकलाई पूर्ण न्याय सुनिश्चित गर्छ । लोकतन्त्रको सुन्दरता नै यी अंगहरूको स्वतन्त्रता र समन्वयमा छ । हामीले यस प्रणालीलाई सधैं जोगाएर अगाडि बढ्नुपर्ने हुन्छ । यही नै समृद्ध नेपालको सही र दिगो मार्गचित्र हो । राज्यको शक्ति र अधिकार जनताको सेवामा मात्र खर्चिनुपर्छ । यसका लागि संविधानले सधैं मार्गनिर्देशन गरिरहेको हुन्छ । सबैको सहकार्यले मुलुकको भविष्य सुन्दर र उज्ज्वल बन्नेछ । यो नै हाम्रो साझा संकल्प र एउटा अत्यन्तै महान् लक्ष्य हो ।

संवैधानिक अभ्यासमा वरिष्ठलाई नै प्रधानन्यायाधीश बनाउने गरिन्छ । यसले न्यायिक धरोहरमा प्रश्न उठ्न दिँदैन । यसको मूल उद्देश्य न्यायाधीशलाई राजनीतिक प्रभावबाट जोगाउनु हो । पद प्राप्तिका लागि हुने राजनीतिक निकटता यसले रोक्छ । न्यायपालिकाभित्र स्थिरता र निष्पक्षता कायम गर्न यो आवश्यक छ । राजनीतिक दबाब वा प्रभाव देखिएमा न्यायिक निष्ठामा शंका उब्जन्छ । फरक आस्था राख्नेले न्यायिक निष्ठामाथि नै प्रश्न उठाउन सक्छन् । भारतमा सन् १९७३ मा एउटा ठूलो संवैधानिक विवाद भयो । तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले वरिष्ठतम न्यायाधीशलाई पन्छाएकी थिइन् । उनले कनिष्ठ न्यायाधीशलाई प्रधानन्यायाधीश नियुक्त गरिन् । विशेषतः केशवभन्द भारतीको मुद्दासँग यो निर्णय जोडिएको थियो । यसलाई न्यायपालिकामाथि राजनीतिक प्रभाव विस्तार गर्ने प्रयास मानियो । यस घटनाले लोकतन्त्रमा एउटा गम्भीर र चोटिलो सन्देश दियो । राजनीतिक अनुकूलतामा नियुक्ति भएमा न्यायपालिकाको स्वतन्त्रता कमजोर हुन्छ । वरिष्ठता मिचिँदा शक्ति पृथकीकरणमा निकै गम्भीर असर पर्ने देखिन्छ ।

परम्परा तोडिएपछि नियुक्तिको आधारमाथि सधैं प्रश्न उठ्ने गर्छ । योग्यता मुख्य कारण हो कि अरू केही भन्ने शंका उब्जन्छ । कार्यपालिका वा शक्ति केन्द्रको दबाब थियो कि भन्ने देखिन्छ । संक्रमणकालीन परिस्थितिमा यस्तो आशंका हुनु निकै स्वाभाविक मानिन्छ । समाजमा वरिष्ठता मात्र योग्यता होइन भन्ने तर्क पनि आउँछ । तर, यसले निष्पक्ष काम गर्ने न्यायाधीशलाई निरुत्साहित गर्न सक्छ । एउटा महत्वपूर्ण कुरो के भने शीर्ष पद नपाइने भएपछि न्यायाधीशहरूले निष्पक्षता गुमाउन सक्छन् ।

आपसी समन्वय र नियन्त्रणले नै सुशासनको ढोका खोल्ने गर्छ । अन्ततः शक्ति पृथकीकरणले नै नागरिकलाई पूर्ण न्याय सुनिश्चित गर्छ ।

लोकतन्त्रको सुन्दरता नै यी अंगहरूको स्वतन्त्रता र समन्वयमा छ । हामीले यस प्रणालीलाई सधैं जोगाएर अगाडि बढ्नुपर्ने हुन्छ । यही नै समृद्ध नेपालको सही र दिगो मार्गचित्र हो ।

यो न्याय प्रणालीका लागि एउटा नराम्रो उदाहरण बन्न सक्छ । भविष्यमा न्यायिक निकायको न्याय सम्पादनमा प्रश्न पैदा हुनेछ । पदका लागि शक्तिशाली दलसँग सम्बन्ध बढाउने प्रवृत्ति बढ्नेछ । यसको परिणाम स्वरूप शक्ति सन्तुलन निकै कमजोर हुनेछ । यसले प्रत्यक्ष रूपमा संवैधानिक सन्तुलनलाई गम्भीर असर गर्नेछ । स्थापित पद्धति भत्किएपछि भविष्यमा यो प्रवृत्ति बारम्बार दोहोरिनेछ । बहुमतका आधारमा पात्र रोज्दा वरिष्ठता पद्धति नै समाप्त हुन सक्छ । यसले न्यायपालिकाभित्र एउटा फरक र तरल वातावरण बनाउँछ । हरेक नियुक्ति प्रक्रिया सधैं विवादित बन्दै जाने खतरा रहन्छ । अदालत राजनीतिक प्रभावबाट मुक्त छैन भन्ने सन्देश जान्छ । अदालतका हरेक निर्णय र आदेशमा समाजले शंका गर्नेछ । अन्ततः कानुन र विधिको शासन निकै कमजोर प्रमाणित हुनेछ । प्रधानन्यायाधीश र न्यायाधीशको नियुक्ति प्रक्रिया सधैं स्वतन्त्र हुनुपर्छ । नियुक्तिमा सत्ताको प्रभाव छैन भन्ने विश्वास जनतालाई दिलाउनु पर्छ । संवैधानिक परिषद्को सिफारिसपछि संसदीय सुनुवाइ हुनुपर्ने व्यवस्था छ । नियुक्तिमा मनोमानी भएमा सार्वभौम संसद्ले अनुमोदन नगर्न सक्छ । तर, अहिलेसम्मको अवस्था हेर्दा सुनुवाइ समिति प्रभावकारी छैन । समितिले आफ्नो वास्तविक हैसियत देखाउन सकेको अवस्था देखिँदैन । तैपनि संसदीय सुनुवाइ समितिले सार्वभौम शक्ति देखाउँछ कि देखाउँदैन ? यो हेर्न अहिले सबैका लागि निकै बाँकी नै छ । सार्वभौम संसद्को शक्तिको मापन यही सुनुवाइ प्रक्रियाबाट हुनेछ । विधिको शासन जोगाउनु नै आजको मुख्य र अनिवार्य सर्त हो ।

-अधिकारी अधिवक्ता हुन् ।






समाजिक सञ्जालको दुरुपयोग नगरौं ।

समृद्ध नेपाल, सुखी नेपाली' दीर्घकालीन राष्ट्रिय आकांक्षा हो । राष्ट्रिय आकांक्षा पूरा गर्न हामी पनि योगदान गरौं । - सिम्रौनगढ नगरपालिका

## अन्तराष्ट्रिय समाचार

# अभिनय छाडेर राजनीतिमा होमिएको दुई वर्षमै विजय बने तमिलनाडुका मुख्यमन्त्री

***चेन्नई–*** तमिलगा भेत्री कडगम (टीभीके) का प्रमुख तथा अभिनेताबाट राजनीतिज्ञ बनेका सी. जोसेफ विजय तमिलनाडुको नवौं मुख्यमन्त्री बनेका छन्। उनले आइतबार तमिल भाषामा पद तथा गोपनीयताको शपथ लिएका हुन्। शपथ ग्रहण कार्यक्रममा कांग्रेस नेता राहुल गान्धी पनि उपस्थित थिए। शपथ लिने क्रममा विजयले निर्धारित पाठभन्दा बाहिर गएर बोल्न थालेपछि राज्यपाल आरिफ मोहम्मद खानले रोक्दै लिखित पाठ मात्रै पढ्न आग्रह गरे।




विजयसँगै अन्य ९ मन्त्रीले पनि शपथ लिएका छन्। उनीहरूमा एन आनन्द, आधव अर्जुन, डा. केजी अरुणराज, केए सेंगोट्टैयन, पी. वेङ्कटरमणन, आर. निर्मलकुमार, राजमोहन, डा. टीके प्रभु तथा सेल्वी एस. कीर्तना रहेका छन्। सबै मन्त्री विजयकै पार्टी टीभीकेका विधायक हुन्। सहयोगी दलका कुनै पनि सांसदलाई पहिलो मन्त्रिपरिषद्मा समावेश गरिएको छैन।

मुख्यमन्त्री बनेलगत्तै विजयले पहिलो निर्णयस्वरूप विभिन्न फाइलमा हस्ताक्षर गरेका छन्। जसमा घरेलु उपभोक्तालाई २०० युनिट निःशुल्क विद्युत् उपलब्ध गराउने, महिला सुरक्षाका लागि विशेष सुरक्षा बल गठन गर्ने तथा लागुऔषधविरुद्ध कडा अभियान सञ्चालन गर्ने निर्णय समावेश छन्। शपथका क्रममा विजयले भने, 'सी. जोसेफ विजय भारतको संविधानप्रति पूर्ण आस्था र निष्ठा राख्नेछु। तमिलनाडुको मुख्यमन्त्रीका रूपमा भारतको एकता र अखण्डता जोगाउनेछु। आफ्नो विवेकअनुसार कर्तव्य पालन गर्नेछु। कसैसँग डराउने छैन र पक्षपातपूर्ण आदेश मान्ने छैन। सबै नागरिकलाई न्याय गर्नेछु।'

यसअघि शनिबार विजयले चौथोपटक राज्यपालसँग भेट गर्दै टीभीके, कांग्रेस, सीपीआई, सीपीएम, भीसीके र आईयुएमएलका १२१ सांसदको समर्थन पत्र बुझाएका थिए। त्यसपछि राज्यपालले उनलाई सरकार गठनका लागि निमन्त्रणा दिएका थिए।

दुई वर्षअघि स्थापना भएको विजयको पार्टी टीभीकेले पहिलोपटक लडेको विधानसभा निर्वाचनमै २३४ मध्ये १०८ सिट जितेको थियो। सहयोगी दलको समर्थनपछि विजयसँग १२१ सांसद पुगेका छन्। बहुमतका लागि ११८ सिट आवश्यक पर्छ।

तमिलनाडुमा सन् १९६७ पछि पहिलोपटक गैर-द्रविड दलको नेतृत्वमा सरकार बनेको हो। यसअघि १९६३ देखि १९६७ सम्म कांग्रेसका एम. भक्तवत्सलम मुख्यमन्त्री थिए।

मुख्यमन्त्री बनेपछि विजयले पहिलो सम्बोधनमा आफू कुनै शाही परिवारबाट नआएको भन्दै जनताले नै स्वीकार गरेको बताए। उनले झुटा वाचा गरेर जनतालाई धोका नदिने प्रतिबद्धता व्यक्त गरे।

उनले अघिल्लो डीएमके सरकारमाथि राज्यलाई १० लाख करोड भारतीय रुपैयाँ ऋणमा डुबाएको आरोपसमेत लगाए। यसका साथै राज्यको आर्थिक अवस्थाबारे पारदर्शिता कायम गर्न 'श्वेतपत्र' जारी गरिने बताए।

उनले भने, 'हामीलाई काम गरेर देखाउने समय दिनुहोस्। लागुऔषधविरुद्ध कडा कारबाही हुनेछ। जनताको एक रुपैयाँ पनि दुरुपयोग हुन दिइने छैन। अब नयाँ शासन व्यवस्थाको सुरुआत भएको छ। धर्मनिरपेक्षता र सामाजिक न्यायको नयाँ युग सुरु भएको छ।'

## प्रसौनी........

प्रदान गरिएको कार्यक्रमका आयोजकले जानकारी दिएका छन्। कार्यक्रममा विद्यालयका प्रधानाध्यापक तथा शिक्षकहरूलाई शिक्षक डायरी वितरण गर्नुका साथै विद्यालय व्यवस्थापनलाई सहज बनाउन कक्षा तालिका फारमसमेत हस्तान्तरण गरिएको थियो।

कार्यक्रमलाई सम्बोधन गर्दै गाउँपालिका अध्यक्ष विनोद प्रसाद जैसवालले शिक्षा क्षेत्रको विकास गाउँपालिकाको प्राथमिकतामा रहेको बताएका छन्। उनले विद्यार्थीलाई मेहनत र प्रतिस्पर्धाप्रति प्रेरित गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने उल्लेख गर्दै आगामी दिनमा पनि शिक्षामा लगानी र प्रोत्साहनलाई निरन्तरता दिइने बताए।

गाउँपालिकाले उत्कृष्ट विद्यार्थीलाई सम्मान गर्ने अभियानले अभिभावक, शिक्षक तथा विद्यार्थीमा सकारात्मक ऊर्जा थपिएको विश्वास व्यक्त गरेको छ।

नेपाल सरकार
भुमी व्यवस्था सहकारी तथा गरिबी निवारण मन्त्रालय
भुमी व्यवस्थापन तथा अभिलेख बिभाग
मालपोत कार्यालय गौर रौतहट

विषय - नामसारी सम्बन्धी हकदाबी बारे, ३५ दिने सार्वजनिक सूचना ।

यसमा जिल्ला रौतहट साविक गा.वि.स.लक्ष्मीपुर वेलविछ्वा हाल राजेदी न.पा.-८ मा बस्ने जदु बैठको नाति सिउ बैठा धोवीको छोरा विकाउ बैठाले आफ्नो बुवा नाता पर्ने सिउ बैठ धोवीको नाउमा दर्ता कायम रहेको जग्गा जिल्ला रौतहट साविक गा.वि.स.गौर वडा नं. २ किता नं. १३४ को ज. वि. ०-४-१५ ऐ. ऐ. किता नं. १३५ को ज.वि.०-२-० ऐ. ऐ.किता नं. ११३ को व.वि.०-१-१२ ऐ.ऐ.किता नं. २३६ को ज.वि.०-१-० ऐ.ऐ. लक्ष्मीपुर बेलिवछ्वा वडा नं. २ किता नं. २१८ को ज.वि.०-३-१८ ऐ.ऐ.किता नं. २३९ को ज.वि.०-०-१५ जग्गाको नामसारी गरी पाउँ भनी द.नं. १२८५४ मिती २०८३/०१/१५ गतेको माँग भई आएकोमा मोठ भिडान हुदाँ जिल्ला रौतहट साविक गा.वि.स. लक्ष्मीपुर बेलिवछ्वा वडा नं. २ किता नं. २१८ को ज.वि.०-३-१८ ऐ.ऐ.किता नं.२३९ को ज.वि.०-०-१५ जग्गा सिउ बैठाको नाउँमा मोठ कायम रही रोक्का नदेखिएको साथै तिनपुस्ते नरहेको र ना.सा.मि.नं. ११३ मिति २०६४/०७/२२ गतेमा भनि मोठ भिडेको भनी मोठ श्रेस्ता वाट लेखिआएको देखिन्छ साथै राजदेवी न.पा-८ को चलानी नं.१०९३ मिती २०८३/०१/१४ गतेको किटानी सिफारीस माग बमोजिम नामसारीको हकदाबी वारे सम्वन्धी ३५ दिने सार्वजनिक सुचना प्रकाशित भई म्याद सकेपछि पेश गर्ने भनी मिति २०८३/०१/२५ गतेको आदेशा बमोजिम सोको हकदाबी बारे यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ। निजको तिनपुस्ता भित्रको नाता पर्ने अन्य कोही भए, असर पर्ने भए वा मोठ श्रेस्ता कायम गरी नामसरी हुनु नपर्ने कुनै कारण भए स-प्रमाण सहित आफु वा रित पूर्वकको वारेस मार्फत यो सूचना जारी भएको ३५ दिन भित्र यस कार्यालयमा प्रतिवाद गर्न आउनु होला अन्यथा कानून बमोजिम मोठ श्रेस्ता कायम गरी नामसारी भै जाने छ ।

| गा.बि.स. | वडा नं. | किता नं. | ज.बि. | ज.ध. |
|---|---|---|---|---|
| गौर | २ | १३४ | ०-४-१५ | सिउ बैठा धोबी |
| गौर | २ | १३५ | ०-२-० | सिउ बैठा धोबी |
| गौर | २ | ११३ | ०-१-१२ | सिउ बैठा धोबी |
| गौर | २ | ११५ | ०-१-० | सिउ बैठा धोबी |
| लक्ष्मीपुर बेल्बिछ्वा | २ | २३६ | ०-१-० | सिउ बैठा धोबी |
| लक्ष्मीपुर बेल्बिछ्वा | २ | २१८ | ०-३-१८ | सिउ बैठा धोबी |
| लक्ष्मीपुर बेल्बिछ्वा | २ | २३९ | ०-०-१५ | सिउ बैठा धोबी |

# नारायणीमा सरसफाई अभियान सुरू, स्वच्छ अस्पताल निर्माणमा सबैलाई साथ दिन आग्रह

***दिपक चौरसिया***
***वीरगंज, २८ वैशाख***

नारायणी अस्पताल मा "सरसफाई सप्ताह" कार्यक्रमअन्तर्गत विशेष सरसफाई अभियान सुरु गरिएको छ। नेपाल सरकारको निर्णयअनुसार देशभरका सरकारी कार्यालयहरूमा सञ्चालन गरिएको अभियानअन्तर्गत अस्पताल परिसर, वार्ड, कार्यालय तथा सेवा प्रवाह क्षेत्रहरूमा व्यापक सरसफाई गरिएको अस्पताल प्रशासनले जनाएको छ।



अस्पतालका अनुसार केन्द्र सरकारको सर्कुलरअनुसार सुरु गरिएको अभियान आगामी दिनहरूमा पनि निरन्तर सञ्चालन गरिनेछ। अस्पतालका सम्पूर्ण कर्मचारी, स्वास्थ्यकर्मी तथा सरोकारवालाको सक्रिय सहभागितामा दैनिक रूपमा सरसफाई कार्यक्रम अघि बढाइने बताइएको छ।

अस्पताल परिसरमा आयोजित कार्यक्रममा चिकित्सक, स्टाफ नर्स, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो। अस्पताल प्रशासनले स्वच्छ र व्यवस्थित अस्पताल निर्माणका लागि सबै पक्षको सहकार्य आवश्यक रहेको जनाएको छ। अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. चित्रञ्जन शाह ले अस्पताललाई सफा, स्वच्छ र व्यवस्थित राख्नु सबैको साझा दायित्व भएको बताए। उनले विशेषगरी बिरामीका कुरुवाहरूलाई अस्पताल परिसरमा जथाभावी फोहोर नफाल्न आग्रह गर्दै पान, गुट्खा तथा अन्य सुर्तीजन्य पदार्थ सेवन गरेर अस्पतालमा नआउन अनुरोध गरे।

डा. शाहले अस्पतालका विभिन्न स्थानमा डस्टबिनको व्यवस्था गरिएको जानकारी दिँदै खाना खाइसकेपछि तथा अन्य फोहोर अनिवार्य रूपमा डस्टबिनमै फाल्न आग्रह गरे। उनले अस्पतालको वातावरण दूषित बनाउने तथा सरसफाईमा अटेर गर्ने व्यक्तिमाथि आवश्यक परे कडा कारबाहीसमेत गरिने चेतावनी दिए। उनले अस्पतालको सफाइले बिरामीको उपचार प्रक्रियामा समेत सकारात्मक प्रभाव पार्ने उल्लेख गर्दै स्वच्छ अस्पताल निर्माणमा सबै जिम्मेवार बन्नुपर्ने बताए। अस्पताल प्रशासनका अनुसार सरसफाई सप्ताहअन्तर्गत नियमित सरसफाई, फोहोर व्यवस्थापन तथा जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

विज्ञापनको लागि हामीलाई सम्झिनुहोस् । सम्पर्क नम्बर : ९८४५२२६३०५

# दाताको रकमबाट किनिएको 'बाइबल तालिम केन्द्र'को जग्गा गोप्य रुपमा बिक्री भएको आरोप

***काठमाडौं, २८ वैशाख***

नेपाली इसाई समुदायका लागि नेपालकै पहिलो बाइबल तालिम केन्द्र स्थापना गर्ने उद्देश्यले दातृ संस्था तथा व्यक्तिहरूको आर्थिक सहयोगमा खरिद गरिएको काठमाडौं जोरपाटी-४ स्थित कित्ता नं. ४(घ), प्लट नं. ११ को जग्गा अन्ततः सम्बन्धित संस्थालाई हस्तान्तरण नगरी गोप्य रूपमा बिक्री गरिएको तथ्य सार्वजनिक भएको छ।

प्राप्त विवरणअनुसार उक्त जग्गा प्रारम्भमा "नेपाल बाइबल आश्रम" नामक संस्थाका लागि खरिद गरिएको भए पनि कानुनी तथा संस्थागत दर्ता प्रक्रियामा ढिलाइ भएपछि मंगलमान महर्जन, शान्ति राणा र रमेश खत्रीको संयुक्त नाममा राखिएको थियो। पछि "नेपाल धर्म विज्ञान" नामक संस्था दर्ता भएपछि सोही संस्थाको नाममा जग्गा सार्नका लागि २०६४/०१/२५ गते मञ्जुरीनामा दिइएको देखिन्छ। यस घटनापछि उक्त सम्पत्तिको स्वामित्व र उपयोगबारे विभिन्न प्रश्न उठ्न थालेका छन्। दाताहरूको सहयोगबाट संस्थागत प्रयोजनका लागि खरिद गरिएको जग्गा व्यक्तिगत सरह कारोबार भएको भन्दै आर्थिक अनियमितता र विश्वासघातको आशंका गरिएको छ।

विवरणअनुसार २०६८/०४/०९ मा जग्गा पास तथा रजिष्ट्रेशन दस्तुर तिर्नका लागि राष्ट्रिय मण्डली सङ्गति नेपाल (NCFN) लाई मंगलमान महर्जनले ४ लाख, शान्ति राणाले १० लाख र रमेश खत्रीले ६ लाख रुपैयाँ गरी जम्मा २० लाख रुपैयाँ 'सापटी' दिएको देखिन्छ। तर सबैभन्दा विवादास्पद पक्ष भनेको दाताहरूको रकमबाट धार्मिक तथा शैक्षिक उद्देश्यका लागि खरिद गरिएको जग्गा अन्ततः सोही उद्देश्यअनुसार सञ्चालन हुने संस्थालाई हस्तान्तरण नगरी NCFN लाई नै बिक्री गरिएको देखिनु हो। राजीनामा पारित गर्दा ३ करोड २६ लाख रुपैयाँ थैली अंक उल्लेख गरिएको विवरणले थप शंका उत्पन्न गरेको छ। यस घटनाले दाताको रकम कहाँ प्रयोग भयो, बिक्रीबाट प्राप्त रकम कसले लिए, संस्थागत निर्णय कसरी भयो र दाताहरूलाई जानकारी दिइयो कि दिइएन भन्ने विषयमा गम्भीर प्रश्न उठाएको छ। कानुनी जानकारहरूका अनुसार यदि धार्मिक तथा सामाजिक उद्देश्यका लागि संकलित सम्पत्ति व्यक्तिगत निर्णय वा मिलेमतोमा बिक्री गरिएको पुष्टि भएमा यो आर्थिक अनियमितता, आपराधिक विश्वासघात, किर्ते कारोबार तथा संगठित ठगीसम्बन्धी मुद्दामा अनुसन्धानको विषय बन्न सक्छ।

घटनापछि सम्बन्धित निकायहरू– जस्तै अख्तियार दुरुपयोग अनुसन्धान आयोग, सम्पत्ति शुद्धीकरण अनुसन्धान विभाग तथा प्रशासनिक निकायहरूबाट छानबिन हुनुपर्ने माग उठ्न थालेको छ।

छानबिनकर्ताहरूले जग्गा खरिदको वास्तविक स्रोत, दाताहरूको योगदान, संस्थागत निर्णय प्रक्रिया, २० लाख रुपैयाँ सापटीको प्रयोजन, ३ करोड २६ लाख रुपैयाँको कारोबार तथा बिक्री रकमको अन्तिम उपयोगबारे विस्तृत अनुसन्धान आवश्यक रहेको बताएका छन्। धार्मिक आस्थाको नाममा संकलित सम्पत्तिको अपारदर्शी बिक्रीले समग्र इसाई समुदायभित्र पारदर्शिता र जवाफदेहितामाथि गम्भीर प्रश्न उठाएको छ।

जनहितमा जारी सन्देश

- सडकको छेउ किनारामा निर्माण सामाग्रीहरु नराखौं ।
- घर निर्माण नदी घर नक्सा पास गरेर मात्र निर्माण कार्य शुरू गरौं ।
- सार्वजनिक स्थलमा छाडा चौपाय नछाडौं ।
- बालश्रमको प्रयोग नगरौं नगराऔं ।
- जेष्ठ नागरिकको सम्मान गरौं ।
- अफ्नो घर परिसरमा कम्तीमा १ वटा बहु वार्षीय रुख बिरूवा रोपौं ।
- महिला हिंसा अन्त्यका लागि आफ्नो ठाउँबाट काम गरौं ।
- फोहोर बोक्ने सवारी साधान आएको बखत मात्र फोहोर बाहिर निकालौं ।
- जथाभावी फोहोर नगरौं ।
- भुकम्प प्रतिरोधि घर निर्माण गरौं ।


महागढीमाई नगरपालिका, बरियारपुर, बारा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरूक बनौ कर तिरौ । - बहुदरमाई नगरपालिका पर्सा

# करैयामाई गाउँपालिकाद्वारा सडक अतिक्रमण हटाउन ३० दिने अल्टिमेटम

***नबिन चौधरी***
***बारा, २८ वैशाख***

बाराको करैयामाई गाउँपालिकाले सडक मापदण्डभित्र निर्माण गरिएका घरटहरा तथा अन्य संरचना हटाउन सर्वसाधारणलाई ३० दिने अल्टिमेटम दिएको छ। गाउँपालिकाले सार्वजनिक सूचना जारी गर्दै संघ, प्रदेश तथा स्थानीय तहबाट निर्माण तथा स्तरोन्नति गरिएका सडक क्षेत्र अतिक्रमण गरी बनाइएका संरचना तोकिएको समयभित्र हटाउन आग्रह गरेको हो। गाउँपालिकाले जारी गरेको सूचनाअनुसार सडक क्षेत्रभित्र पर्ने घर, टहरा, गोठ, नाद, पराल राख्ने स्थान तथा पशु बाँध्ने संरचनाले सडकको सौन्दर्य मात्र नभई आवागमन र विकास निर्माण कार्यमा समेत बाधा पुऱ्याउँदै आएको भन्दै हटाउन निर्देशन दिइएको छ । गाउँपालिकाका अनुसार गृह मन्त्रालयको निर्देशन, जिल्ला प्रशासन कार्यालय बाराबाट प्राप्त पत्राचार तथा गाउँ कार्यपालिका बैठकको निर्णयका आधारमा उक्त सूचना जारी गरिएको हो । यस सम्बन्धमा सम्बन्धित वडा कार्यालयमार्फत स्थानीयवासीलाई जानकारी गराउने कामसमेत भइरहेको




जनाइएको छ।

गाउँपालिकाले तोकिएको ३० दिनभित्र स्वेच्छाले संरचना नहटाए प्रचलित कानुनअनुसार आवश्यक प्रक्रिया अघि बढाइने चेतावनी दिएको छ । अटेर गरी सडक अतिक्रमण कायम राख्ने व्यक्तिमाथि कानुनी कारबाहीका साथै डोजर प्रयोग गरेर संरचना हटाउनेसम्मको प्रक्रिया अघि बढ्न सक्ने संकेत गाउँपालिकाले दिएको छ । प्रमुख प्रशासकीय अधिकृत नागेन्द्र यादवद्वारा हस्ताक्षर गरिएको सूचनामा सार्वजनिक सडकलाई व्यवस्थित, सुरक्षित तथा फराकिलो बनाउने उद्देश्यले अभियान सञ्चालन गरिएको उल्लेख छ । गाउँपालिकाले सडक अतिक्रमण हटाउने अभियानलाई विकास र सुशासनसँग जोडिएको विषय भएको बताउँदै स्थानीयवासीलाई सहयोग गर्नसमेत आग्रह गरेको छ। पछिल्लो समय जिल्लाका विभिन्न स्थानीय तहहरूले सार्वजनिक तथा सरकारी जग्गा अतिक्रमण हटाउने अभियानलाई तीव्र बनाइरहेका बेला करैयामाई गाउँपालिकाले पनि सडक मापदण्ड कार्यान्वयनमा कडाइ थालेको हो । स्थानीय तहहरूले सडक क्षेत्र अतिक्रमण हटाउन थालेपछि कतिपय स्थानमा सर्वसाधारणमा चासो र चिन्तासमेत बढेको देखिएको छ ।

# स्वास्थ्य पत्रकारितामा योगदान पुऱ्याउने दुई महिला पत्रकार सम्मानित

***शु.आ. संवाददाता***
***रौतहट, २८ वैशाख***

मधेश प्रदेशको स्वास्थ्य क्षेत्रमा देखिएका बेथिति, सरकारी अस्पतालको कमजोर अवस्था तथा नागरिकको स्वास्थ्य अधिकारका सवाललाई निरन्तर उजागर गर्दै आएका दुई महिला पत्रकार सम्मानित भएका छन् । रौतहटको गौरमा सोमबार आयोजित विशेष समारोहमा धनुषाकी पत्रकार चाँदनी झा र बाराकी पत्रकार शारदा पोखरेललाई यस वर्षको 'रामा यादव स्मृति पत्रकारिता पुरस्कार' प्रदान गरिएको हो । रामा यादव स्मृति प्रतिष्ठान, रौतहटद्वारा आयोजित कार्यक्रममा प्रेस काउन्सिल नेपालका कार्यवाहक अध्यक्ष सुरेश यादव ले दुवै पत्रकारलाई जनही २६ हजार रुपैयाँ नगदसहित प्रशंसा-पत्र प्रदान गर्दै सम्मान गरेका थिए । सम्मानित पत्रकार चाँदनी झा लामो समयदेखि अपन टेलिभिजन, प्राइम टेलिभिजन तथा जनकपुर टुडेसँग आबद्ध रही स्वास्थ्य पत्रकारितामा सक्रिय रहँदै आएकी छन् । विशेषगरी सरकारी अस्पतालको सेवा अवस्था, बिरामीहरूले भोग्नुपरेका सास्ती तथा ग्रामीण क्षेत्रमा स्वास्थ्य सेवाको पहुँचका विषयमा उनले निरन्तर समाचार प्रकाशन तथा प्रसारण गर्दै आएकी छन्। त्यसैगरी बाराकी पत्रकार शारदा पोखरेलले रातोपाटी मार्फत स्वास्थ्य क्षेत्र, श्रमजीवी पत्रकारका हकहित तथा सामाजिक न्यायका विषयमा खोजमूलक पत्रकारिता गर्दै आएकी छन् । कार्यक्रममा वक्ताहरूले उनको



रिपोर्टिङले नीतिगत सुधारका लागि दबाब सिर्जना गर्न महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेका थिए ।

जिल्ला समन्वय समिति रौतहटको सभाहलमा आयोजित कार्यक्रममा बोल्दै प्रमुख अतिथि सुरेश यादवले पत्रकारिता क्षेत्रमा चुनौती र जिम्मेवारी दुवै बढ्दै गएको बताए । उनले पत्रकारिता केवल पेशा मात्र नभई समाजप्रतिको ठूलो उत्तरदायित्व भएको उल्लेख गर्दै प्रेस काउन्सिलले पत्रकारहरूको श्रमको उचित मूल्याङ्कन तथा पेशागत सुरक्षाका लागि निरन्तर काम गरिरहेको बताए। उनले महिला पत्रकारलाई पत्रकारिता क्षेत्रमा टिकाइराख्न प्रोत्साहन आवश्यक रहेको उल्लेख गर्दै उनीहरूमाथि हुने कुनै पनि प्रकारको विभेद अन्त्य गर्न समाज र राज्यका सबै पक्ष संवेदनशील हुनुपर्ने धारणा व्यक्त गरे। रामा यादव स्मृति प्रतिष्ठानकी अध्यक्ष अनु यादवको सभापतित्वमा सम्पन्न कार्यक्रममा जिल्ला समन्वय समिति रौतहटका सभापति राम अयोद्धा राय यादव, प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसाल, राष्ट्रिय अनुसन्धान प्रमुख कुमार बुढाथोकी, सशस्त्र प्रहरी उपरीक्षक रामहरि अधिकारी तथा प्रमुख सेनानी विश्वास विष्टलगायतको उपस्थिति रहेको थियो। कार्यक्रममा नेपाल पत्रकार महासंघ रौतहटका अध्यक्ष सञ्जय कार्कीसहित झण्डै ५० जनाभन्दा बढी सञ्चारकर्मीहरूको सहभागिता रहेको थियो । सो अवसरमा प्रतिष्ठानले आगामी वर्ष २०८३ को पुरस्कार कार्ययोजनासमेत सार्वजनिक गर्दै पत्रकारितामार्फत समाज सुधारमा योगदान पुऱ्याउने सञ्चारकर्मीलाई निरन्तर प्रोत्साहन गर्ने प्रतिबद्धता व्यक्त गरेको छ ।

# सरकारसँग भएका सम्झौता कार्यान्वयन गर्न माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र

***पवन प्रसाद साह***
***वीरगंज, २८ वैशाख***

राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाअभियान नेपाल, जिल्ला कार्य समिति पर्साले सरकारले विभिन्न समयमा गरेका सम्झौता कार्यान्वयन गर्न माग गर्दै प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । महाअभियानले बैंक तथा वित्तीय संस्थाबाट सर्वसाधारणमाथि भइरहेको आर्थिक तथा वित्तीय शोषण अन्त्य गरी पीडित नागरिकलाई न्याय दिलाउन सरकार गम्भीर बन्नुपर्ने माग गरेको हो । महाअभियानका पर्सा संयोजक शम्भु प्रसाद चौरसियाको नेतृत्वमा गएको टोलीले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार काठमाडौंलाई सम्बोधन गरिएको ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय पर्सामार्फत प्रमुख जिल्ला अधिकारी भोला दाहाललाई बुझाएको जनाएको छ । ज्ञापनपत्रमा पछिल्लो समय बैंक तथा वित्तीय संस्थाबाट श्रमजीवी, निम्न आय भएका तथा सर्वसाधारण नागरिक आर्थिक शोषण,



अन्याय र उत्पीडनको चपेटामा परेको उल्लेख गरिएको छ। महाअभियानले नागरिकको न्याय, अधिकार र सम्मान सुनिश्चित गर्नु राज्यको दायित्व भएको भन्दै सरकारले तत्काल प्रभावकारी कदम चाल्नुपर्ने माग गरेको छ।

महाअभियानले विगतमा सरकारसँग पटक-पटक वार्ता, संवाद तथा सहमति भएको स्मरण गराउँदै विशेषगरी पूर्व प्रधानन्यायाधीश सुशीला कार्की नेतृत्वमा भएको भनिएको १२ बुँदे सम्झौताले पीडित नागरिकका समस्या समाधानको आधार तयार गरेको दाबी गरेको छ । उक्त सम्झौताको पूर्ण तथा प्रभावकारी कार्यान्वयन गर्न वर्तमान सरकार प्रतिबद्ध हुनुपर्ने माग ज्ञापनपत्रमा गरिएको छ। ज्ञापनपत्रमा सरकारले विगतका प्रतिबद्धता कार्यान्वयन नगरे देशव्यापी रूपमा शान्तिपूर्ण विरोध कार्यक्रम सञ्चालन गर्न बाध्य हुने चेतावनीसमेत दिइएको छ । पीडित नागरिकको आवाजलाई गम्भीरतापूर्वक सम्बोधन गरी यथाशीघ्र न्याय सुनिश्चित गर्न महाअभियानले आग्रह गरेको छ।

महाअभियानले १२ बुँदे सम्झौताको प्रतिलिपिसहित ज्ञापनपत्र पेश गरिएको जनाएको छ । ज्ञापनपत्र बुझाउने टोलीमा महाअभियान पर्साका उपाध्यक्ष राजेश चौहान, सचिव अजय पौडेल, सहसचिव तथा प्रवक्ता पवन प्रसाद साह, सदस्य हरिनारायण चौरसियालगायतको सहभागिता रहेको थियो।

# ठोरीमा सुकुम्बासी तथा अव्यवस्थित बसोबासीद्वारा गाउँपालिकालाई ज्ञापनपत्र

***हरिकिशोर शर्मा***
***पर्सा, २८ वैशाख***

पर्साको ठोरी गाउँपालिका अन्तर्गत बसोबास गर्दै आएका सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूले आफ्नो समस्या समाधानको माग गर्दै गाउँपालिकालाई ज्ञापनपत्र बुझाएका छन् । पछिल्लो समय आफूहरूलाई विस्थापित गर्न खोजिएको भन्दै स्थानीयहरूले गाउँपालिकाले पहल गरी दीर्घकालीन तथा न्यायोचित समाधान गर्न आग्रह गरेका हुन् ।

"सुकुम्बासीको उचित व्यवस्थापन गर" भन्ने प्लेकार्ड बोकेर गाउँपालिका कार्यालय पुगेका स्थानीयहरूले जनप्रतिनिधिहरूसमक्ष आफ्ना समस्या, चिन्ता र मागहरू प्रस्तुत गरेका थिए । उनीहरूले वर्षौंदेखि बसोबास गर्दै आएको स्थानबाट हटाउने चर्चा चलेपछि समुदायमा त्रास फैलिएको बताएका छन् ।

ज्ञापनपत्र बुझ्दै गाउँपालिका अध्यक्ष लाल बहादुर श्रेष्ठ ले वास्तविक सुकुम्बासी तथा अव्यवस्थित बसोबासीले अनावश्यक चिन्ता लिन नपर्ने बताएका छन्। स्थानीय सरकार जनताको पक्षमा रहेको उल्लेख गर्दै उनले उचित व्यवस्थापनका लागि




आवश्यक पहल गरिने आश्वासन दिए । अध्यक्ष श्रेष्ठले बाहिर विभिन्न किसिमका हल्ला फैलाइएको भन्दै त्यसबाट आतंकित नहुन स्थानीयवासीलाई आग्रह गरे। उनले गाउँपालिकाले समस्या समाधानका लागि कानुनी तथा व्यवहारिक उपाय खोज्ने प्रतिबद्धता व्यक्त गरे।

कार्यक्रममा वडा अध्यक्षहरू अष्ट बहादुर लोप्चन, अमृत कृष्ण सापकोटा, मान बहादुर थिङ तथा गाउँपालिका उपाध्यक्ष गोकुली कुमारी रेग्मी ले पनि आ-आफ्नो धारणा राख्दै स्थानीयको समस्याप्रति गाउँपालिका गम्भीर रहेको बताएका थिए ।

गाउँपालिका अध्यक्ष श्रेष्ठका अनुसार स्थानीयवासीले बुझाएको ज्ञापनपत्रको मर्मलाई ध्यानमा राख्दै छिट्टै कार्यपालिका बैठक बोलाइनेछ । बैठकमार्फत आवश्यक निर्णय गरी सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको समस्या समाधानका लागि ठोस पहल गरिने गाउँपालिकाले जनाएको छ।

# प्रसौनी गाउँपालिकाद्वारा उत्कृष्ट विद्यार्थीलाई नगद र ल्यापटप वितरण

***शु.आ. संवाददाता***
***बारा, २८ वैशाख***

प्रसौनी गाउँपालिकाले शैक्षिक गुणस्तर अभिवृद्धि तथा विद्यार्थीलाई प्रोत्साहन गर्ने उद्देश्यले उत्कृष्ट विद्यार्थी सम्मान तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न गरेको छ । सोमबार गाउँपालिकाको आयोजनामा सम्पन्न कार्यक्रममा विभिन्न तहमा उत्कृष्ट नतिजा हासिल गरेका विद्यार्थीलाई नगद पुरस्कार, ल्यापटप तथा प्रमाणपत्र वितरण गरिएको हो ।

कार्यक्रम गाउँपालिका अध्यक्ष विनोद प्रसाद जैसवालको अध्यक्षतामा सम्पन्न भएको थियो। कार्यक्रममा गाउँपालिका उपाध्यक्ष किरण देवी, प्रमुख प्रशासकीय अधिकृत नविन कुमार श्रीवास्तव, वडा अध्यक्षहरू, वडा सदस्यहरू, विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी, इलाका



प्रहरी कार्यालयका प्रहरी तथा समाजसेवीहरूको उपस्थिति रहेको थियो ।

कार्यक्रमअन्तर्गत कक्षा ८ मा उत्कृष्ट नतिजा ल्याउने पाँच जना छात्र र पाँच जना छात्रालाई जनही पाँच हजार रुपैयाँ नगदसहित प्रमाणपत्र प्रदान गरिएको थियो । त्यसैगरी माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट पाँच छात्र र पाँच छात्रामध्ये आठ जनालाई जनही २५ हजार रुपैयाँ नगद पुरस्कार प्रदान गरिएको गाउँपालिकाले जनाएको छ ।

एसईईमा उत्कृष्ट प्रदर्शन गर्ने दुई जना विद्यार्थीलाई विशेष प्रोत्साहनस्वरूप ल्यापटपसमेत वितरण गरिएको थियो । यस्तै कक्षा ११ मा उत्कृष्ट एक छात्रालाई तथा कक्षा १२ मा उत्कृष्ट एक छात्र र एक छात्रालाई ल्यापटप

*बाँकी तेश्रो पृष्ठमा*

**जनहितमा जारी सन्देश**

- बालबालिका, जेष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- रोग फैलाउने झिंगा, लामखुट्टे, भुसुना आदिबाट जोगिऔं ।
- सडेगलेका तथा बासी खाना नखाऔं ।
- घरवरिपरी तथा व्यक्तिगत सरसफाइमा ध्यान दिऔं ।

जगरनाथपुर गाउँपालिका
जगरनाथपुर, पर्सा

तपाईले तिरेको कर तपाईकै टोल आँगनको बिकासको लागि, त्यसैले जागरुक बनौ कर तिरौ । - बृन्दाबन नगरपालिका